# **<u>प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक</u>**

**<u>प्रस्तावना:</u>** प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन,२०७५ लाई तत्काल समसामयिक संशोधन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम, प्रारम्भ र विस्तार</u>**: (१) यस ऐनको नाम "प्रदेश सञ्चार माध्यम व्यवस्थापन (पहिलो संशोधन)ऐन, २०७८"रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ को दफा १२ मा संशोधन:</u>** प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन,२०७५ (यस पछि मूल "ऐन" भनिएको) को दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छ -

"**१२. <u>नियमन गर्न सक्ने:</u>** मन्त्रालय वा कार्यालयले कुनै संञ्चार संस्थाले यस ऐन तथा यस ऐन अन्तरगत बनेको नियम, कार्यविधि, निर्देशिका एवं मापदण्डको पालना भए नभएको सम्बन्धमा नियमन गर्न सक्नेछ । त्यसरी नियमन गर्दा कानून विपरित कार्य गरेको पाइएमा आवश्यक कारबाही गर्नेछ ।"

३. **<u>मूल ऐनको दफा ३१ मा संशोधन</u>**: मूल ऐनको दफा ३१ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर सञ्चार रजिष्ट्रारको नियुक्त नभएसम्म वा पन्ध्र दिनभन्दा बढि बिदामा बसेमा वा पद रिक्त भएको अवस्थामा मन्त्रालयको सचिवले सञ्चार रजिष्ट्रारको रुपमा कामकाज गर्नेछ ।"

४. **<u>मूल ऐनमा दफा ३२क. थप</u>**: मूल ऐनको दफा ३२ पछि देहायको दफा ३२क. थपिएको छ :-

"**३२क. <u>सपथ ग्रहण</u>**: सञ्चार रजिष्ट्ररले कार्यभार समाल्नु अघि मन्त्रालयको मन्त्रीसमक्ष अनुसूची-१ को ढाँचामा पद तथा गोपनियताको सपथ ग्रहण गर्नु पर्नेछ ।"

५. **<u>मूल ऐनमा दफा ३३ मा संशोधन:</u>** मूल ऐनको दफा ३३ को सट्टा देहायको दफा ३३ राखिएको छ :-

"**३३.<u>पारिश्रमिक र सुविधा:</u>** (१) दफा ३१ बमोजिम नियुक्त हुने सञ्चार रजिष्ट्रारको पारिश्रमिक र सुविधा अनुसूची-२ बमोजिम हुनेछ ।

(२) सञ्चार रजिष्ट्रारले पाउने बिदा अनुसूची-३ बमोजिम हुनेछ।"

६. **<u>मूल ऐनको दफा ३६ मा संशोधन</u>**: मूल ऐनको दफा ३६ को,-

(१) खण्ड (क) र (छ) हटाइएको छ ।

(२) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छ :-

"(ख१) यस ऐन तथा यस ऐन अन्तरगत बनेको नियम बमोजिम स्थापना भएको प्रसारण संस्थाको नियमन गर्ने ।"

७. **<u>मूल ऐनको दफा ३६क. थप</u>**: मूल ऐनको दफा ३६ पछि देहायको दफा ३६क. थपिएको छः-

"**३६क.<u>निर्देशक</u>**: (१) सञ्चार रजिष्ट्रार कार्यालयको दैनिक एवं प्रशासन हेर्ने प्रशासकीय प्रमुखको रुपमा कम्तिमा अधिकृत नवौं तह वा सो सरहको एक निर्देशक रहेनेछ ।

तर नवौं तह वा सो सरहको कर्मचारी उपलब्ध नभएमा मन्त्रालयले मन्त्रालयको वरिष्ठ अधिकृतस्तरको कुनै कर्मचारीलाई निर्देशकको रुपमा जिम्मेबारी तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रहने निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यालयको दैनिक प्रशासनिक तथा आर्थिक कार्य गर्ने गराउने,
(ख) कार्यालयको नीति तथा कार्यक्रम, बजेट तर्जुमा गरी स्वीकृतको लागि सञ्चार रजिष्ट्रार समक्ष पेश गर्ने,
(ग) बजेट खर्च गर्ने, खर्चको लेखा राख्नेर लेखा परीक्षण गराउने,
(घ) पत्रपत्रिका, अनलाइन सञ्चार माध्यम, रेडियो, टेलिभिजन, केबुल टेलिभिजनको दर्ता, अनुमतिपत्र, नवीकरण, वर्गीकरण, खारेजी, नियमनका लागि सञ्चार रजिष्ट्रारलाई सहयोग गर्ने,
(ङ) मन्त्रालय एवं सञ्चार रजिष्ट्रारबाट प्राप्त निर्देशन एवं निर्णयको कार्यान्वयन गर्ने,गराउने,
(च) आफूलाई प्राप्त अधिकार मातहतका अन्य कर्मचारीलाई प्रत्यायोजन गर्ने,
(छ) तोकिए बमजिमका अन्य कार्य गर्ने ।

८. **<u>मूल ऐनको दफा ४६ मा संशोधन</u>ः** मूल ऐनको दफा ४६ को,-

(१) उपदफा (१) मा देहायको शब्द थपिएको छ,-
(क) "वितरण" भन्ने शब्द पछि "प्रसारण"
(ख) "व्यक्तिलाई" भन्ने शब्द पछि "वा संस्थाको कार्यकारी प्रमुखलाई कार्यालयले पन्ध्र दिनको समयावधि दिई" ।

(२) उपदफा (१) र (२) मा भएको "वा एक वर्षसम्म कैद वा दुवै सजाय" भन्ने शब्दहरु हटाइएका छन् ।

(३) उपदफा (१) पछि देहायको (१क) र (१ख) राखिएको छः-

"(१क) कुनै सञ्चार माध्यमले यो ऐन तथा यस अन्तरगत बनेको नियमावली बमोजिम नवीकरण नगरी कार्यक्रम सञ्चालन गरेमा वा नवीकरण नगरी विज्ञापन बापतको कुनै रकम उठाएको प्रमाणित भएमा त्यस्तो संस्थालाई जति वर्षको नवीकरण नगरेको हो त्यति वर्षको नवीकरण गर्दा लाग्ने शुल्क बरावरको जरिबाना गरी सो अवधिमा विज्ञापन वापत उठाएको शुल्क असूल उपर गरिनेछ । यसरी पहिलो पटक कारबाही गरे पश्चात् पुनः सोही किसिमको कार्य गरेमा कार्यालयले इजाजतपत्र/अनुमतिपत्र रद्धको लागि मन्त्रालयमा लेखी पठाउनेछ ।

(१ख) उपदफा (१) बमोजिम लेखि आएमा मन्त्रालयले त्यस्तो सञ्चार संस्थाको अनुमति पत्र रद्ध गरी कम्तिमा चार वर्षसम्म सोही व्यक्ति वा संस्थाको नामबाट प्रदेशभित्र कुनै

किसिमको सञ्चार माध्यम सञ्चालन गर्न नपाउने गरी इजाजतपत्र/अनुमतिपत्र रोक्का गर्न सक्नेछ ।"

(४) उपदफा (२) मा रहेको "हेरी" भन्ने शब्दको पछि "कार्यालयले" भन्ने शब्द थपिएको छ।

(५) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) कसैले उपदफा (१), (१क), (१ख) र (२) मा लेखिए देखि बाहेक यस ऐन र यस ऐन अन्तरगत बनेको नियम, निर्देशिका, कार्यविधि, मापदण्ड बमोजिम गर्नु पर्ने कार्य नगरेको वा गर्न नहुने कार्य गरेमा कार्यालयले कसूरको मात्र हेरी तीन हजारदेखि पचास हजारसम्म जरिबाना गर्न सक्नेछ ।"

९. **मूल ऐनको दफा ४७ मा संशोधनः** मूल ऐनको दफा ४७ मा रहेको "सञ्चार रजिष्ट्रारले" भन्ने शब्दहरु हटाइएको छ ।

१०. **मूल ऐनको दफा ४८ मा संशोधनः** मूल ऐनको दफा ४८ को सट्टा देहायको दफा ४८ राखिएको छः-

"४८. **पुनरावेदनः** यस ऐन बमोजिम भएको सजायको निर्णय उपर चित्त नबुझ्ने पक्षले पुनरावेदन दिन चाहे त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र कार्यालयले गरेको निर्णय हकमा मन्त्रालयको सचिव समक्ष र मन्त्रालयले गरेको शुरु निर्णयको हकमा सम्बन्धित सञ्चार संस्था रहेको जिल्ला अदालत समक्ष पुनरावेदन दिन सक्नेछ ।

११. **मूल ऐनको दफा ४९ र ५० मा संशोधनः** मूल ऐनको दफा ४९ र ५० हटाइएको छ ।

१२. **मूल ऐनको दफा ५१ मा संशोधनः** मूल ऐनको दफा ५१ को,-

(१) उपदफा (१) मा रहेको "सञ्चार रजिष्ट्रारमा" भन्ने शब्दहरुको सट्टा "कार्यालयमा" भन्ने शब्द राखिएको छ ।

(२) उपदफा (२) मा रहेको "सञ्चार रजिष्ट्रार" भन्ने शब्द हटाइएको छ ।

१३. **मूल ऐनमा दफा ५७क. थपः** मूल ऐनमा दफा ५७ पछि देहायको दफा ५७क. थपिएको छः-

"**५७क. अनुसूची हेरफेरः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।"

१४. **मूल ऐनको दफा ५८ मा संशोधनः** मूल ऐनको दफा ५८ को सट्टा देहायको दफा ५८ राखिएको छः-

"५८. **नियम, कार्यविधि, निर्देशिका एवं मापदण्ड बनाउन सक्नेः** प्रदेश सरकारले यस ऐन कार्यान्वयको लागि आवश्यकता अनुसार नियम, कार्यविधि निर्देशिका एवं मापदण्ड बनाउन सक्नेछ ।"

१५. **मूल ऐनमा अनुसूची थपः** मूल ऐनमा संलग्न अनुसूची-१, २ र ३ थपिएको छ ।

१६. **मूल ऐनमा रुपान्तरणः** मूल ऐनको दफा २ को खण्ड (ण), ३१, ३२, ३२क. ३३, ३४, ३५, ३६, ३६क. ३७, ३८, ३९ बाहेक अन्य विभिन्न दफा, उपदफा, खण्ड, उपखण्डमा रहेका देहायको शब्दलाई देहायमा रुपान्तर गरिएको छः-

(क) "सञ्चार रजिष्ट्रार" लाई "कार्यालय" मा,

(ख) "सञ्चार रजिष्ट्रारले" लाई "कार्यालयले" मा,

(ग) "सञ्चार रजिष्ट्रारबाट" लाई "कार्यालयबाट" मा,

(घ) "सञ्चार रजिष्ट्रारलाई" लाई "कार्यालयलाई" मा ।

अनुसूची-१

(दफा ३२क. सँग सम्बन्धित)

**शपथको ढाँचा**

म ............................................. मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौम सत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान प्रति पूर्ण वफादार रहँदै सञ्चार रजिष्ट्रार पदको जिम्मेवारी न्यायपूर्वक देश र जनताको सोझो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्यको पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको गोप्य राख्नु पर्ने कुरा म पदमा वाहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरू अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन।

<u>शपथग्रहण गर्ने सञ्चार रजिष्ट्रारको</u>

(क) नामः-

(ख) दस्तखतः-

(ग) मितिः-

(घ) पदः-

<u>शपथग्रहण गराउने पदधिकारीको</u>

(क) नाम :-

(ख) दस्तखत :-

(ग) मिति :-

(घ) पद :-

अनुसूची-२

(दफा ३३ को उपदफा (१)सँग सम्बन्धित)

**सञ्चार रजिष्ट्रारको पारिश्रमिक र सुविधा**

| क्र.सं. | सुविधाको प्रकार | पारिश्रमिक/सुविधा |
|---|---|---|
| १. | पारिश्रमिक (मासिक) | रु. ४९,३८०।- |
| २. | लुगा भत्ता (वार्षिक) | रु.१०,०००।- |
| ३. | सवारी साधन, चालक, मर्मत, इन्धन, मोबिल (मासिक) | कार्यालयबाट उपलब्ध हुने (इन्धन मासिक ७५ लि. र मोबिल त्रैमासिक ५ लि.) |
| ४. | चाडवाड खर्च (वार्षिक) | एक महिना बराबरको पारिश्रमिक रकम |
| ५. | सञ्चार/पत्रपत्रिका (मासिक) | रु.२,०००।- |
| ६. | बैठक भत्ता (प्रति बैठक) | रु १५००।- |
| ७. | दैनिक भ्रमण भत्ता(प्रतिदिन) | रु.२,०००।- |

अनुसूची-३

(दफा ३३ को उपदफा (२)सँग सम्बन्धित)

**सञ्चार रजिष्ट्रारले पाउनेबिदा**

(क) नेपाल सरकार वा प्रदेश सरकारले तोके बमोजिमको सार्वजनिक बिदा।

(ख) प्रत्येक वर्ष पर्व बिदा ६ दिन र भैपरी आउने बिदा ६ दिन।यस्तो विदासञ्चित हुने छैन ।

(ग) काम गरेको बाह्र दिनको एक दिनको दरले घर बिदा पाउनेछ।भैपरी आउने बिदा, पर्व बिदा र सार्वजनिक बिदाको दिनलाई समेत घर बिदाको प्रयोजनको लागि काम गरेको दिन मानिनेछ।घर बिदा ४८ दिनसम्म सञ्चित गर्न सकिनेछ ।

(घ) प्रत्येक वर्ष बाह्र दिनको दरले बिरामी बिदा पाउनेछ र त्यस्तो बिरामी बिदा पूर्ण रुपमा सञ्चित हुन सक्नेछ।

(ङ) सञ्चार रजिष्ट्रार आफैंले किरिया बस्नु परेमा कुलधर्म हेरी बढीमा पन्ध्र दिन किरिया बिदा लिन पाउनेछ।

(च) महिलासञ्चार रजिष्ट्रारले प्रसूति बिदा प्रसूति भएको अघि वा पछी गरी अन्ठानब्बे दिन पाउनेछ र त्यस्तो बिदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ।

(छ) कुनै पुरुष सञ्चार रजिष्ट्रारको पत्नी प्रसूति हुने भएमा त्यस्तो सञ्चार रजिष्ट्रारले प्रसूतिको अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार बिदा पाउनेछ।प्रसूति स्याहार बिदामा बसेको अवस्थामा पूरा तलब पाउनेछ र यस्तो बिदा पदाअवधि भरमा दुई पटक मात्र दिइनेछ।

(ज) सञ्चार रजिष्ट्रारले आफ्नो पदबाट अवकाश पाएमा सो पदमा रहँदा सञ्चित रहेको घर बिदा र बिरामी बिदाको गणना गरी निज सो पदमा रहँदा खाईपाई आएको तलब (पारिश्रमिक) को दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ।पदमा बहाल छदैं मृत्यु भएमा त्यस्तो रकम निजको परिवारको सदस्यले पाउनेछ।